# अपांगता रोकथाम तथा पुनः स्थापना कार्यक्रम अन्तर्गत मिलिजुली समुहको लागि वचत ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिमको प्रतिवेदन

साकेला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय


प्रतिवेदक

अस्मिता राई

महिला शाखा प्रमुख

**कार्यक्रमको परिचय :** अपांगता रोकथाम तथा पुनः स्थापना कार्यक्रम शिशु तथा १० वर्ष मुनिका बालबालिकाको स्वास्थ्य जाच मार्फत हुन सक्ने अपांगताको जोखिम न्युनिकरण गर्दै अपांगता भएका ब्यक्तिहरु सहितको समावेशी समाजको निर्माण गर्ने लक्षय लिएको नमुना कार्यकम हो । कोशी प्रदेशका सबै स्थानीय तहहरुमा कार्यन्वयन गरिने यस कार्यकमको मुख्य सरोकारवालाहरु स्थानीय स्वास्थ्य सस्था, शैक्षिक सस्था तथा अपांगता भएका ब्यक्तिहरुको सस्था र मिलिजुली समूहहरु हुन् ।अपांगता भएका व्यक्तिहरूको समुदायमा नै पुनः स्थापना गरि उनीहरुको जिबनको गुणस्तरमा सुधार ल्याउन सकिने भएकोले अपांगता रोकथाम तथा पुन स्थापना कार्यक्रम शुरु गरिएको हो ।

समुदायमा आधारित पुनः स्थापना कार्यक्रमलाई प्रभाकारी ढंगले संचालन गर्नका लागि निर्धारण गरिएका बिभिन्न क्रियाकलापहरु मध्ये अपांगता रोकथाम तथा पुनः स्थापना कार्यक्रम अन्तर्गत मिलिजुली समुहको लागि वचत ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम एक प्रमुख क्रियाकलाप हो ।

**कार्यकमको उदेश्यहरुः-**

❖ मिलिजुली समुहका लागि जीविकोपार्जन सम्बन्धि गतिविधि सञ्चालन गर्न तथा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धमा वहस र पैरवी गर्न सक्षम बनाउने ।

**कार्यक्रम संचालन मितिः**

२०८१/०३/२० गते देखि २०८१/०३/२१ गते सम्म ।

**कार्यक्रम संचालन स्थानः** साकेला गाउपालिकाको सभाहल ।

**कार्यक्रमको संचालन अवधिः-**

❖ ०२ दिन ।

**कार्यक्रम संचालन विधिः-**

- छलफल विधि ।
- प्रश्नोत्तर विधि ।

**कार्यक्रममा सहभागि :-**

❖ २५ जना ।

**संगठनात्मक संरचनाः-**

- प्रत्यक वडामा मिलिजुली समुहबाट तीन जनाको दरले सदस्यहरुलाई सहभागि गराई तालिम प्रदान गर्ने ।

## लक्षित समूहः-

- मिलिजुली समुहको सदस्यहरु ।

## कार्यकमका चुनौतीहरुः

१. अपांगता भएका ब्यक्तिहरुमा चेतनाको अभाव,

२. भौगोलीक विकटता,

**कार्यक्रमको राम्रो पक्षहरुः**

१. अपांगता भएका व्यक्तिहरुलाई सेवा सुविधामा पहुच हुने ।
२. अपांगता भएको व्यक्तिहरुलाई अपांगता हक तथा अधिकार को बारेमा जानकारी गराउन सहज हुने।

## निष्कर्षः-

- यस साकेला गाउँपालिकामा सञ्चालित अपांगता रोकथाम तथा पुनः स्थापना कार्यक्रम अन्तर्गत मिलिजुली समुहको लागि वचत ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिमबाट अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धमा वहस र पैरवी गर्न सक्षम बनाउने ।

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश नं १, स्थानीय तह तथा करूणा फाउण्डेसन नेपालको त्रिपक्षीय साझेदारीमा सञ्चालित

# अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम

**साकेला गाउँपालिका, खोटाङ (जिल्ला)**

**प्रगति प्रतिवेदन**

**आ.व. २०८०/८१**

## १. यस चौमासिकमा कार्यक्रमले ल्याएका मुख्य उपलब्धीहरू के के हुन् ?

- जन्मजात अपाङ्गता पहिचानका लागि स्वास्थ्यकर्मीलाई तालिम
- अपाङ्गता भएका व्यक्तिहरुको विषेशज्ञ चिकित्सक/प्राविधिकद्वारा प्रारम्भीक जाँच शिविर
- स्वास्थ्य उपचार सहयोग
- सहयोगी सामाग्री सहयोग
- समावेशी शिक्षाका लागि शिक्षक र व्यवस्थापन समितिहरुलाई तालिम
- अपाङ्गता भएका व्यक्ति वा उनिहरुका अभिभावकहरुको मिलिजुली समुहको गठन
- मिलिजुली समुहको बैठक
- अपाङ्गता भएका व्यक्तिहरुको पालिका स्तरीय संस्था गठन
- मिलिजुली समुहको लागि वचत, ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम
- ओ. पि. डी. को क्षमता अभिवृद्धी तालिम
- पालिका स्तरीय समिक्षा बैठक तथा वार्षिक योजना निर्माण कार्यशाला
- सिविआर सहजकर्ता, कार्यक्रम सम्पर्क व्यक्तिहरू र ओ.पि.डी. प्रतिनिधीको मासिक बैठक

**२. यस चौमासिकमा योजना गरिएका मुख्य गतिविधिहरू मध्ये सम्पन्न हुन नसकेका गतिविधिहरू कारण सहित उल्लेख गर्नुहोस् ।**

| **क्र.सं.** | **सम्पन्न हुन नसकेका गतिविधिहरू** | **सम्पन्न हुन नसक्नुका कारणहरू** |
|---|---|---|
| १ | जन्मजात अपाङ्गता पहिचानका लागि नवजात शिशुको जाँच तथा रेकर्ड (सम्पन्न गर्न नसकिएको) | जन्मजात अपाङ्गता पहिचानका लागि स्वास्थ्यकर्मीलाई तालिम त्रयमासिक असार मा मात्र सम्पन्न गरिएको कारण कारणले हुन नसकेको |
| २ | जन्मजात अपाङ्गता पहिचान भएका नवजात शिशुको उपचार (सम्पन्न गर्न नसकिएको) | जन्मजात अपाङ्गता पहिचानका लागि स्वास्थ्यकर्मीलाई तालिम त्रयमासिक मा मात्र सम्पन्न गरिएको साथै यो समय मा जन्मजात अपांगता बालबालिका नभएको कारण कारणले हुन नसकेको |
| ३ | अपाङ्गता भएका बालबालिकाहरुका लागि घरमा आधारित शिक्षा | यस कार्यलाई पूर्णता दिन शिक्षकको अभाव भएको |

**३. यस चौमासिकका मुख्य सिकाईहरू के के थिए ? ती सिकाईहरूले आगामी चौमासिकको योजनामा के कस्तो प्रभाव पार्नेछन् ?**

- **स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत नभएको हुदा आर्थिक कारोबार हुन नसक्ने र कार्यक्रमलाई ठुलो असर पर्ने मुख्य सिकाई रहेको छ**
-

**४. यस चौमासिकमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय तथा करूणा फाउण्डेसन नेपालसँगको सहकार्यको अनुभव कस्तो रह्यो ?**

- **यस चौमासिकमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय तथा करूणा फाउण्डेसन नेपालसँगको सहकार्यको अनुभव सन्तोष जनक रहेको र आगामी दिनमा अझै बिस्तृत समन्वयको आशा रहेको।**

## ५. आगामी चौमासिकका मुख्य योजनाहरू के के छन् ? उल्लेख गर्नुहोस् ।

- **पहिलो चौमासिकमा सम्पन्न हुन नसकेका कार्यक्रम हरुलाई सम्पन्न गर्ने**
- **योजना अनुरुप तयार गरेको दोश्रो चौमासिकमा सम्पन्न गर्ने क्रियाकलापहरु सम्पन्न गर्ने**

**प्रतिवेदन तयार गर्ने**

नामथर: अस्मिता राई

पद: महिला शाखा प्रमुख

दस्तखत:

कार्यालय: महिला शाखा, साकेला गा. पा.

**प्रतिवेदन स्विकृत गर्ने**

नामथर: दुर्ग बहादुर राई

पद: नि. प्रमुख प्रसाशाकिय अधिकृत

दस्तखत:

कार्यालय: साकेला गा. पा.